September 03, 2024

Tuesday

National News

<u>प्रमुख समाचार:</u>

1. प्रधानमन्त्री श्री नरेन्द्र मोदी ब्रुनाई र सिंगापुर भ्रमणको लागि प्रस्थान
2. सबै शैक्षिक संस्थानहरूमा बालिकाहरूका लागि सुरक्षित वातावरण बनाउनका राष्ट्रपति श्रीमती द्रौपदी मुर्मुको आह्वान
3. छत्तीसगढमा आज सुरक्षा बलसँगको भिडन्तमा नौ माओवादी मारिएको पुष्टि
4. अमरीकी ओपन टेनिसमा भारतका रोहन बोपन्ना र इन्डोनेसियाका अल्दिला सुत्जियादीको मिश्रित जोड़ी सेमीफाइनलमा प्रवेश
5. पेरिस पाराओलम्पिक खेलको छैटौं दिनमा, भारतीय खेलाडीहरू शूटिङ र एथलेटिक्स सहित विभिन्न स्पर्धाहरूमा पदक जित्न अग्रसर

1. <u>PM Brunei Singapore Visit</u>

प्रधानमन्त्री श्री नरेन्द्र मोदी ब्रुनाई र सिंगापुर भ्रमणको पहिलो चरणमा आज दिउँसो ब्रुनाईको बन्दर सेरी बेगवान पुग्नुभएको छ। उहाँलाई त्यहाँ भव्य स्वागत गरिएको थियो । उहाँलाई ब्रुनाईका युवराज तथा प्रधानमन्त्री कार्यालयका वरिष्ठ मन्त्री हाजी अल मुहतादी बिल्लाहले स्वागत गर्नुभएको थियो । भारतीय प्रधानमन्त्रीको यो पहिलो ब्रुनाई भ्रमण हो । श्री मोदीको यो भ्रमण भारत र ब्रुनाईबीच कूटनीतिक सम्बन्ध स्थापना भएको ४० औं वर्षगाँठको सन्दर्भमा भइरहेको छ। प्रधानमन्त्री श्री मोदीले बन्दर सेरी बेगवानमा भारतीय उच्चायोगको नयाँ भवनको उद्घाटन गर्नुभएको छ । ब्रुनाई भारतको ऐक्ट ईट नीति र हिन्द प्रशान्त भिजनमा महत्वपूर्ण साझेदार हो। भारत र ब्रुनाईले सहस्राब्दी पुरानो ऐतिहासिक, सांस्कृतिक र परम्परागत सम्बन्ध साझा गरेका छन्। भ्रमणको लागि प्रस्थान गर्नु अघि श्री मोदीले आफ्नो ब्रुनाई र सिंगापुरको भ्रमणले दुवै देश र आसियान देशहरूसँगको भारतको साझेदारीलाई अझ बलियो बनाउने विश्वास व्यक्त गर्नुभयो। उहाँले यी दुवै देश भारतको एक्ट इस्ट नीति र हिन्द-प्रशान्त भिजनमा महत्वपूर्ण साझेदार भएको बताउनुभयो। श्री मोदी भ्रमणको दोस्रो चरणमा भोलि सिंगापुर जानु हुनेछ । उहाँले त्यहाँ सिंगापुरका राष्ट्रपति, प्रधानमन्त्री र अन्य वरिष्ठ

मन्त्रीहरूलाई भेटघाट गर्ने कार्यक्रम छ। श्री मोदीले सिंगापुरको जीवन्त व्यापारी समुदायका नेताहरूसँग पनि भेट गर्नु हुनेछन। प्रधानमन्त्रीले सिंगापुरसँग विशेषगरी उन्नत उत्पादन, डिजिटलाइजेसन र दिगो विकासका नयाँ र उदीयमान क्षेत्रमा रणनीतिक साझेदारीलाई सुदृढ पार्ने विषयमा छलफल गर्न आफू तत्पर रहेको बताउनुभयो ।

2. S. Jaishankar - Singapore

विदेशमन्त्री डा. सुब्रमण्यम जयशंकरले भारत र सिंगापुरबीचको द्विपक्षीय सम्बन्धलाई अर्को उचाइमा लैजाने समय आएको बताउनुभएको छ । प्रधानमन्त्री श्री नरेन्द्र मोदीको सिंगापुर भ्रमण अघि एक अन्तर्वार्तामा डा. जयशंकरले विगत दुई दशकमा दुई देशबीचको सम्बन्ध निकै मजबुत भएको बताउनुभयो ।

3. Prez – Symbiosis University

राष्ट्रपति श्रीमती द्रौपदी मुर्मुले देशको विकासको अभिन्न अंग भएकाले सबै शैक्षिक संस्थाले बालिकाका लागि सुरक्षित वातावरण सुनिश्चित गर्नुपर्ने बताउनुभएको छ । आज पुणेस्थित सिम्बायोसिस विश्वविद्यालयको २१औँ दीक्षान्त समारोहमा उहाँले यस्तो बताउनुभएको हो । राष्ट्रपतिले ११ स्वर्ण पदक विजेतामध्ये आठ महिला हुनुले विश्वविद्यालयको प्रयासलाई झल्काएको बताउनुभयो ।

4. Nitin Gadkari – Tunelling India

सडक यातायात तथा राजमार्ग मन्त्री श्री नितिन गडकरीले सडकमा नागरिकको सुरक्षा सबैभन्दा महत्वपूर्ण रहेको बताउनुभएको छ । आज नयाँ दिल्लीमा टनेलिङ इन्डियाको दोस्रो संस्करणलाई सम्बोधन गर्दै, श्री गडकरीले वर्षा, पहिरो र बाढीलाई ध्यानमा राख्दै सडकहरूको प्रभावकारी स्थायी समाधानको आवश्यकतामा जोड दिनुभयो। सीमा सडक संगठनका महानिर्देशक लेफ्टिनेन्ट जनरल रघु श्रीनिवासनले भारतमा सुरुङ निर्माणको अपार सम्भावना रहेको बताउनुभयो । सुरुङबाट धेरै फाइदा हुने उहाँको भनाइ छ ।

## 5. Chattisgarh – Maoist Encounter

छत्तीसगढमा आज सुरक्षा बलसँगको भिडन्तमा नौ माओवादी मारिएका छन् । मुठभेड बस्तर डिभिजनको दन्तेवाडा र बीजापुर जिल्लाको सीमा क्षेत्रमा भएको थियो। घटनास्थलबाट हतियारहरू पनि बरामद भएका छन्।

## 6. Flood

तेलंगानाका मुख्यमन्त्री श्री ए रेभान्थ रेड्डी आज लगातार दोस्रो दिन बाढी प्रभावित खम्मम जिल्लाको भ्रमण गर्नुभयो। उहाँले वर्षाका कारण आफन्त गुमाएका परिवारलाई भेट्नुभयो । तेलंगानाको राज्यका धेरै ठाउँमा अविरल वर्षाका कारण १६ जनाको मृत्यु भएको छ ।

त्यसैगरि आन्ध्र प्रदेशको विजयवाडामा बाढीका कारण जनजीवन नराम्ररी प्रभावित भएको छ । बाढीले कृष्णा नदी आसपासका क्षेत्र सबैभन्दा बढी प्रभावित भएका छन् । कतिपय क्षेत्रमा पानीको सतह अप्रत्याशित रुपमा बढेका कारण ठूलो क्षति भएको छ । बाढी प्रभावितको उद्धारका लागि ४७ टोली खटिरहेका छन् ।

यसैबीच, आज गुजरात र पश्चिम मध्य प्रदेशमा भारी वर्षा हुने मौसम पूर्वानुमान महाशाखाले जनाएको छ । असम, मेघालय, नागाल्याण्ड, मणिपुर, मिजोरम, त्रिपुरा, केरला, माहे र पश्चिमी उत्तर प्रदेशका एक-दुई स्थानमा भोलिसम्म भारी वर्षा हुन सक्ने जनाइएको छ।

## 7. J & K Election – Congress

कांग्रेस नेता श्री राहुल गान्धीले भोलि जम्मु कश्मीरको रामबन र अनन्तनाग जिल्लामा जनसभा गरेर विधानसभा चुनावी अभियान सुरु गर्नु हुनेछ। श्री गान्धीले यस महिनाको १८ तारिखमा हुने पहिलो चरणको विधानसभा चुनावका लागि उम्मेदवारहरूको समर्थनमा यी र्‍यालीहरू गरिरहेका छन्। श्री गान्धी भोलि जम्मू पुग्नुहुनेछ।

## 8. Ek Ped Maa Ke Naam

एक पेद मा के नाम  वृक्षरोपण अभियान अन्तर्गत हालसम्म ५२ करोडभन्दा बढी बिरुवा रोपिएको छ । सामाजिक सञ्जालमा पोष्ट गर्दै वातावरण, वन तथा जलवायु परिवर्तन मन्त्री श्री भूपेन्द्र यादवले यो अभियान अर्को कोसेढुङ्गा साबित भएको बताउनुभयो।  यो अभियान प्रधानमन्त्री श्री नरेन्द्र मोदीले विश्व पर्यावरण दिवसको अवसरमा सुरु गर्नुभएको हो।

## 9. DRC Death

प्रजातान्त्रिक गणतन्त्र कंगो-डिआरसीको राजधानी मकालामा केन्द्रीय कारागारबाट भाग्न खोज्दा १२९ कैदीको मृत्यु भएको छ भने ५९ जना घाइते भएका छन् । राजधानी किन्शासाको मकाला जेलबाट भागेका २४ कैदीलाई हिजो बिहानै गोली हानेर हत्या गरिएको डीआरसीका आन्तरिक मन्त्री शबानी लुकुले बताए । भागदौडमा अन्यको निसास्सिएर मृत्यु भएको छ । एम्नेस्टी इन्टरनेशनलको प्रतिवेदनअनुसार डेढ हजार कैदी क्षमताको कारागारमा १२ हजारभन्दा बढी कैदी थिए ।

## 10. US Open Tennis

युएस ओपन टेनिसमा मिश्रित युगलतर्प भारतका रोहन बोपन्ना र इन्डोनेसियाका एल्डिला सुत्जियादीको जोडी सेमिफाइनलमा पुगेका छन् । यस जोडीले क्वार्टरफाइनलमा म्याथ्यु अबेडियान र बारबोरा क्रेज्सिकोभालाई पराजित गरे। बोपन्ना र सुतजियादीले सेमिफाइनलमा अमेरिकी जोडी डोनाल्ड योङ र टेलर टाउनसेन्डसँग भिड्नेछन् ।

## 11. Paralympic

पेरिस पारालम्पिक खेलकुदको छैटौं दिन आज अवनी लेखा सुटिङमा ५० मिटर राइफल श्री पोजिसनको एसएच–१ विधाको फाइनलमा पुगेकी छिन्।   आर्चरीमा महिला रिकर्भ प्रतियोगितामा पूजा क्वाटरफाइनलमा प्रवेश गरिन्।  अन्तिम आठमा उनले  चीनकी वु चुनयानसँग खेल्नेछिन् । महिला सटपुटतर्फ भाग्यश्री जाधव पाँचौं भइन् ।  यसबाहेक आज हुने पुरुष हाई जम्पको टी–६३ फाइनलमा मरियप्पन थाङ्गावेलु, शैलेश कुमार र शरद कुमारले आ–आफ्नो चुनौती प्रस्तुत गर्नेछन् ।  पदक तालिकामा भारत ३ स्वर्णसहित १५ पदकका साथ १५ औं स्थानमा छ ।